नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
जिल्ला कमिटी, झापा

च.नं.
प.स.०७८०/०८१ मिति : २०८०/०६/०४

# *प्रेस विज्ञप्ति*

नेपाल शिक्षक महासंघको आह्वान्मा हाल देशभरका शिक्षकहरु आफ्नो कर्मथलो विद्यालयलाई ठप्प पारी काठमाण्डौ केन्द्रीत सडक आन्दोलनमा रहेको बिषयले हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ ।

विद्यालयलाई शान्ति क्षेत्रका रुपमा रुपान्तरण गरी सबै विद्यार्थीको पढ्न पाउने एवम् बाल अधिकारको सम्मान गर्नु आजको आवश्यकता हो । शिक्षक समुदायको आन्दोलन रहर नभई बाध्यताको उपज रहेको ठम्याई हाम्रो छ । तसर्थ शिक्षक एवम् विद्यालय कर्मचारीका न्यायोचित मागहरुलाई अविलम्ब वार्ता मार्फत सम्बोधन गरी समस्याको समाधान गरी शिक्षक एवम् विद्यालय कर्मचारीहरुलाई विद्यालयमा फर्केर उत्साह एवम् उमंगका साथ कार्य गर्ने वातावरण सिर्जना गर्न हामी नेपाल सरकारसंग जोडदार माग गर्दछौ ।

हार्दिक अभिवादन सहित !

.......................................

क. दीपक कार्की
अध्यक्ष